नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/ पुर्वाधार/१/०८०/८१

मितिः २०८०/०५/०१

**इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंक**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

**(डा.गुणाकर भट्ट)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१)श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११ )श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| सि.न | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.निर्देशन नं. १/०७८ को Capital Adequacy Framework 2018 बुँदा नं. 5.2 मा संशोधन । | Banks will have to segregate their investment portfolio into any of following three categories:<br><br>a. <u>Held for Trading:</u><br><br>An investment that is made for the purpose of generating a profit from short term fluctuations in price should be classified under this category. An asset should be classified as held for trading even if it is a part of a portfolio of similar assets for which there is a pattern of trading for the purpose of generating a profit from short term fluctuations in price. These investments should be marked to market on a daily basis and differences reflected in the profit and loss account.<br><br>b. <u>Held-to-Maturity:</u><br><br>Investments made with positive intent and ability of the bank to hold till maturity should be classified as held to maturity investments. The bank does not have the positive intent to hold an investment to maturity, if either of the following conditions are met:<br><br>1. Bank has the intent and the ability to hold the asset for only an undefined period; or<br><br>2. Bank stands ready to sell the asset (other than if a situation arises that is non-recurring and could not have been reasonably anticipated) in response to changes in market interest rates or risks, liquidity needs, changes in the availability of and the yield on alternative investments, changes in financing sources and terms, or changes in foreign currency risk.<br><br>Held-to-maturity investments should be valued at amortised cost i.e. the cost price less any impairments (if applicable). The impairments should be included in the profit and loss | Banks shall recognize, measure, present and disclose the investment instruments as per the requirement of NFRSs. |

| | | | |
|---|---|---|---|
| | | accounts for the period.<br>c. <u>Available for Sale:</u><br>All other investments that are neither "held for trading" nor "held to maturity" should be classified under this category. These investments should be marked to market on a regular basis and the difference to be adjusted through reserves. Banks are required to maintain Investment Adjustment Reserve (eligible as Tier 2 capital) to the extent of 2% of available for sale portfolio. | |
| २. | इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ४ को पहिलो वाक्यमा संशोधन । | भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ र त्यस्तो कर्जा असुलीको प्रकृया तत्काल अगाडि बढाउनु पर्नेछ :- | भाखा नाघेको वा ननाघेको **कुनै पनि कर्जा/सापटलाई देहायको कुनै पनि अवस्थामा** खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ र सो को लागि **पूर्वाधार विकास बैंकले उपयुक्त प्रणाली एवम् पूर्वाधारको विकास गर्नुपर्नेछ :** |
| ३. | इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा ७ मा प्रष्टीकरण थप । | **हाल नभएको ।** | **प्रष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह शुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ ।** |
| ४. | इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ८ मा उपबुँदा (२) संशोधन । | (५)पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ । | (ख)पुनरसंरचना **र/वा** पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी **(ग्रेस अवधि भएको अवस्थामा ग्रेस अवधि सकिए पश्चात)** लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ । |

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| ५. | इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ९ को उपबुँदा (१) तथा प्रष्टिकरणलाई संशोधन गरी उपबुँदा (१), (२) र (३) कायम र क्रमसंख्या मिलान । | (१) ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारमा इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएमा कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछ :-<br>(क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण,<br>(ख) कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएको आधार, र<br>(ग) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको ।<br>प्रष्टीकरणः<br>* यस प्रयोजनको लागि "पुनरतालिकीकरण" भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने प्रक्रियालाई सम्झनु पर्छ ।<br>* "पुनरसंरचना" भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने, बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गर्ने प्रक्रियालाई सम्झनु पर्छ । | **१."पुनरतालिकीकरण" भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने प्रक्रियालाई बुझिनेछ ।**<br>**२. "पुनरसंरचना" भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने वा बन्देजहरु थपघट गर्ने प्रक्रियालाई बुझिनेछ ।**<br>**३. ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको कुनै अवस्था देखिएमा संस्थामा** ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारमा इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएमा कर्जालाई पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सक्नेछ :-<br>(क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण,<br>(ख) कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएको आधार, र<br>(ग) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको । |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| ६. | इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ९ को उपबुँदा (४) थप गरी क्रमसंख्या मिलान । | हाल नभएको । | ४. **ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको बुझिने अवस्थाहरुः देहायका कुनै एक अवस्था भएमा ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको मानिने छ :**<br>१. **Cost Overrun, Time Overrun, Cashfow Mismatch जस्ता अल्पकालिन कारणले आम्दानीमा ह्रास आई कर्जाको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी नभएमा ।**<br>२. **कर्जाको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी भएतापनि प्रतिकूल बाह्य अवस्था वा अन्य कुनै कारणले ऋणीको भविष्यका किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भएमा ।**<br>३. **ऋणी कम्पनी नेपाल स्टक एक्सचेन्ज लि.बाट डिलिस्ट (De list) भएमा वा डिलिस्ट (De list) हुने प्रक्रियामा रहेमा ।**<br>४. **कर्जाको किस्ता वा ब्याज भुक्तानीको लागि ऋणीको वास्तविक वित्तीय अवस्था वा अनुमानित वित्तीय अवस्था पर्याप्त नभएमा ।** |
| ७. | इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ९मा उपबुँदा (४)मा संशोधन तथा क्रम संख्या मिलान । | (४)असल वर्गमा वर्गीकरण भैरहेका कर्जालाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । कमसल, तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा लगातार दुईवर्षसम्म नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन । | (४)पुनरसंरचना वा पुनरतालिकीकरण गरेको कर्जाको हकमा सो बापत देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :<br>(क) पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्ने समयमा **सक्रिय** वर्गमा वर्गीकरण भैरहेका कर्जालाई **देहायबमोजिमका सबै अवस्थाको पालना गरी** पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ :<br>**अ. पहिलो पटक पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।**<br>**आ.समान किस्तामा भुक्तानी हुनेगरी पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।**<br>**इ. बढीमा एक वर्षसम्म ग्रेस अवधि राखी कर्जा पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।**<br>**(ख) पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भैरहेका कर्जालाई माथि बुँदा नं. (क) मा उल्लेखित बाहेकको अवस्थामा पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | | **(ग)कमसल तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्था कायम राख्नु पर्नेछ । पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएका कर्जामा कायम कर्जा नोक्सानी व्यवस्था लगातार दुईवर्षसम्म कर्जा नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन ।** |
| ८. | इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (११) को उपबुँदा (४) (ख) मा संशोधन । | (ख) आफ्नो संस्थाको नाममा रहेको गैर-बैंकिङ्ग सम्पत्तिको लिलाम गर्नुपुर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनु पर्नेछ । | (ख) आफ्नो संस्थाको नाममा रहेको गैर-बैंकिङ्ग सम्पत्तिको लिलाम गर्नुपुर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनु पर्नेछ ।<br>**तर, एउटै मूल्याङ्कनकर्ताबाट लगातार एकपटक भन्दा बढी सोही सम्पत्तिको मूल्याङ्कन गराउन पाइने छैन ।** |
| ९. | इ.प्रा.नि.नं.२/०७८ बुँदा नं. २० मा संशोधन । | २०. ब्याज पूँजीकरण गर्ने सम्बन्धमा<br>परियोजना कर्जाको ग्रेस अवधिमा पाकेको ब्याजलाई पूँजीकरण गर्न पाइने छैन । तर, देहायका राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गरिएका कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई पूँजीकरण गर्न बाधा पुगेको मानिने छैन ।<br>(क)जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,<br>(ख)स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,<br>(ग)औषधि उद्योग,<br>(घ)केबुलकार उद्योग,<br>(ङ)चिनी उत्पादन सम्बन्धी उद्योग,<br>(च)दूग्ध जन्य वस्तु उत्पादन उद्योग,<br>(छ)नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र<br>(ज)परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु<br>(झ)अस्पताल<br>(ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु । | **२०. ब्याज पुंजीकरण गर्ने सम्बन्धमा**<br>(१) परियोजना कर्जाको ग्रेस अवधिमा पाकेको ब्याजलाई पूँजीकरण गर्न पाइने छैन । तर, देहायका राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा **आवश्यकता एवं औचित्यका आधारमा ब्याज पुंजीकरण गर्न बाधा पुगेको मानिने छैन ।**<br>(क)जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,<br>(ख)स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,<br>(ग)औषधि उद्योग,<br>(घ)केबुलकार उद्योग,<br>(ङ)चिनी उत्पादन सम्बन्धी उद्योग,<br>(च)दूग्ध जन्य वस्तु उत्पादन उद्योग,<br>(छ)नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र<br>(ज)परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु<br>(झ)अस्पताल<br>(ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु ।<br><br>**(२) यसरी ब्याज पूँजीकरण गर्न सम्बन्धित पूर्वाधार विकास बैंकको सञ्चालक समितिले निर्णय गर्नु पर्नेछ ।**<br>**(४) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएको कर्जाको ब्याजलाई** |

| | | | |
|---|---|---|---|
| | | | **पुँजीकरण गर्न पाइने छैन ।**<br>**(५) ग्रेस/**Moratorium **अवधिको ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।**<br>**(६) परियोजनाको नगद प्रवाह विश्लेषण गरी ICTL को भुक्तानी अवधि सम्बन्धित पूर्वाधार विकास बैंकले तोक्न सक्नेछ ।** |
| १०. | निर्देशननं. २ को बुँदा नं.२१ मा संशोधन । | २१. पर्यावरणीय तथा सामाजिक जोखिमको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने सम्बन्धमाः<br>(क) कर्जा लगानी गर्नुपूर्व परियोजना/ उद्योगको स्थापना गर्नको लागि इजाजत/अनुमति/स्वीकृति लिन Initial Environmental Examination (IEE) र Environmental Impact Assessment (EIA) आवश्यक पर्ने परियोजना/ उद्योगको हकमा सम्बन्धित निकायबाट सो प्रतिवेदन स्वीकृत भएको आधारमा तथा IEE / EIA आवश्यक नहुने परियोजना/ उद्योगको हकमा पूर्वाधार विकास बैंक आफैले कर्जा लगानी गर्नुपूर्व पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।<br>(ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानूनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को पालना हुने गरी आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोहीबमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(ग) Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को अनुसूची ११ बमोजिमको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ । | **२१. पर्यावरणीय तथा सामाजिक जोखिमको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने सम्बन्धमाः**<br>(क) कर्जा लगानी गर्नुपूर्व परियोजना/ उद्योगको स्थापना गर्नको लागि इजाजत/अनुमति/स्वीकृति लिन Initial Environmental Examination (IEE) र Environmental Impact Assessment (EIA) आवश्यक पर्ने परियोजना/ उद्योगको हकमा सम्बन्धित निकायबाट सो प्रतिवेदन स्वीकृत भएको आधारमा तथा IEE / EIA आवश्यक नहुने परियोजना/ उद्योगको हकमा पूर्वाधार विकास बैंक आफैले कर्जा लगानी गर्नुपूर्व पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।<br>(ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानूनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी **Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2022**को पालना हुने गरी आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोहीबमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(ग) **Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2022** को अनुसूची ११ बमोजिमको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ । |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| ११. | इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा २४) थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको ।** | **क्रेडिट रेटिङ्ग**<br>**पूर्वाधार विकास बैंकलले रु. ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने छ ।** |
| १२. | इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (२५) थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको ।** | **पूर्वाधार विकास बैंकले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको Guideline on Recognition of Interest Income, 2019 बमोजिम गर्नु पर्नेछ ।** |
| १३. | इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (१)थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको ।** | **(१)एकल ग्राहक कर्जा सीमाः**<br>**पूर्वाधार विकास बैंकले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गर्नसक्ने कर्जाको तोकिएको अधिकतम सीमालाई एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) भनिन्छ ।** |
| १४. | इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (६)मा संशोधन । | **अधिकेन्द्रित जोखिम (Concentration Risk) न्युनीकरण गर्ने व्यवस्था**<br>संस्थाले कुनै एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समुहलाई बुँदा नं. (१) मा तोकिएको सीमाभन्दा बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा यस निर्देशनको उल्लंघन भएको मानिनेछ र त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा सापट वा सुविधाको शत प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । तर बुंदा नं २ (क) बमोजिम प्रवाह गरिएको कर्जा सापट वा सुविधाको हकमा यो व्यवस्था लागु हुने छैन । | **अधिकेन्द्रित जोखिम (Concentration Risk) न्युनीकरण गर्ने व्यवस्था**<br>संस्थाले कुनै एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समुहलाई बुँदा नं. (१) मा तोकिएको **एकल ग्राहक कर्जा सीमाभन्दा** बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा यस निर्देशनको उल्लंघन भएको मानिनेछ र त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा सापट वा सुविधाको शत प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । तर बुंदा नं २ (क) बमोजिम प्रवाह गरिएको कर्जा सापट वा सुविधाको हकमा यो व्यवस्था लागु हुने छैन । |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| १५. | निर्देशन नं. ३ को बुँदा नं.७ को उप बुँदा नं. ३ मा संशोधन । | संस्थाले एकै प्रकारका परियोजनाहरुमा आफ्नो कुल कर्जा बक्यौताको बढीमा ५० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ । तर, सञ्चालनमा आएको चार वर्षसम्म यस व्यवस्थामा छुट प्रदान गरिएको छ । परियोजनागत कर्जाको विवरण फा.नं. ३.१ बमोजिम मासिक रुपमा पेश गर्नुपर्ने छ । | संस्थाले एकै प्रकारका परियोजनाहरुमा आफ्नो कुल कर्जा बक्यौताको बढीमा ५० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ । तर, सञ्चालनमा आएको ६ वर्षसम्म यस व्यवस्थामा छुट प्रदान गरिएको छ । परियोजनागत कर्जाको विवरण फा.नं. ३.१ बमोजिम मासिक रुपमा पेश गर्नुपर्ने छ । |
| १६. | इ.प्रा.नि.नं.४/०७८ बुँदा नं. (३) को उपबुँदा(ख) को खण्ड (अ)मा संशोधन गरी खण्ड १ र २ कायम । | (अ) पूर्वाधार विकास बैंकको लेखानीतिबमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी (जस्तैः यस बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको कर्जामा पूँजीकरण गरिएको ब्याज रकम तथा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम) बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ । | (अ) पूर्वाधार विकास बैंकको लेखानीतिबमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी (जस्तैः यस बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएको कर्जामा पूँजीकरण गरिएको ब्याज रकम तथा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम) बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) लाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । उक्त ब्याज रकम प्राप्त हुन आएमा नियमनकारी कोषबाट सञ्चित मुनाफा (Retained Earning) मा फिर्ता गर्न सकिनेछ ।<br>(२) पूर्वाधार विकास बैंकले **असोज मसान्त पश्चात स्वीकृत हुने तथा Financial Closure हुने कर्जाको ब्याज पूँजीकरणको लेखांकन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछ :**<br>**प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको ग्रेस अवधि /Moratorium Period को ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।**<br>**ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज बराबरको रकममा प्रचलित नियमानुसारको आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रकमलाई सञ्चित मुनाफा (Retained Earning) खर्च गरी Interest Capitalized Reserve (ICR) खातामा लेखांकन गर्नु पर्नेछ । यसरी लेखांकन भएको Interest Capitalized Reserve (ICR) लाई नियमनकारी कोष (Regulatory Reserve) अन्तर्गत राख्नुपर्नेछ । ICTL मा लेखांकन भएको पुँजीकृत ब्याज रकम प्राप्त भएपश्चात उक्त** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | | **रकमलाई ICR बाट घटाई संचित मुनाफा हिसाबमा सार्दै लानुपर्दछ । यससँग सम्बन्धित लेखा प्रविष्टीहरु देहायबमोजिम रहेका छन् :**<br>***1. At the time of Income Recognition***<br>Accrued Interest Receivable a/c Dr<br>To Interest Income Cr<br>***2. At the time of Interest Capitalization***<br>Interest Capitalized Term Loan (ICTL) a/c Dr<br>To Accrued Interest Receivable (AIR) a/c Cr<br>Retained Earnings a/c Dr<br>To Interest Capitalized Reserve(ICR) a/c Cr<br>***3. At the time of Recovery***<br>Cash/Bank a/c Dr<br>To ICTL a/c Cr<br>ICR a/c Dr<br>To Retained Earning a/c Cr |
| १७. | इ.प्रा.निर्देशन नं. ४/०७८ बुँदा नं ३(ख)(उ) मा संशोधन । | (उ) वित्तीय अवस्थाको विवरणमा रहेको स्थगन कर सम्पत्ति बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । स्थगन करको पुन गणना गर्दा स्थगन कर सम्पत्तिको मूल्य (Carrying Amont) मा कमी आएको वर्षमा कमी आएको बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ । | (उ) **वित्तीय विवरणको सञ्चित मुनाफा र/वा अन्य वितरण योग्य मुनाफा संग सम्बन्धित खुद स्थगन कर सम्पत्ति** बराबरको रकम सञ्चित मुनाफा खातालाई खर्च गरी नियमनकारी कोषमा जम्मा गर्नु पर्नेछ । स्थगन करको पुन गणना गर्दा स्थगन कर सम्पत्तिको मूल्य (Carrying Amount) मा कमी आएको वर्षमा कमी आएको बराबरको रकम नियमनकारी कोषबाट सञ्चित मुनाफा खातामा फिर्ता गर्न सकिनेछ । |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| २०. | इ.प्रा.नि.नं.५/०७८ को बुँदा नं. (४) (१२) थप । | हाल नभएको । | **पूर्वाधार विकास बैंकले Unique Document Identification Number ( UDIN) उल्लेख भएको लेखापरिक्षण प्रतिवेदन मात्र स्वीकार गर्नुपर्नेछ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको वेबसाईटमा रहेको UDIN portal बाट पेश गरिएको विवरण यथार्थ रहेको यकिन गरेको व्यहोरा कर्जा फाइलमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।** |
| २१. | इ.प्रा. निर्देशन नं. ६ को बुँदा न. १ को खण्ड ३ मा संशोधन । | **एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक,सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने**<br>एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था लगायत सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्थासमेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । साथै, नेपाल राष्ट्र बैंकसँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायद्वारा सञ्चालित परियोजनामा प्रत्यक्ष वा परोक्ष रुपमा आवद्ध भएको व्यक्ति सञ्चालक पदमा नियुक्त हुन योग्य हुने छैन । | **एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने**<br>एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त/**अनुमतिप्राप्त/स्वीकृतिप्राप्त** संस्था लगायत सहकारी ऐन, **२०७४** अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्थासमेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । साथै, नेपाल राष्ट्र बैंकसँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायद्वारा सञ्चालित परियोजनामा प्रत्यक्ष वा परोक्ष रुपमा आवद्ध भएको व्यक्ति सञ्चालक पदमा नियुक्त हुन योग्य हुने छैन । |
| २२. | एकीकृत निर्देशन नं. ८ को बुँदा ३ मा ङ थप गरी क्रम संख्या मिलान । | हाल नभएको | **पुर्वाधार सम्बन्धी Special Purpose Vehicle (SPV) कम्पनीमा हुने लगानी सम्बन्धी व्यवस्था :**<br>**संस्थाले पूर्वाधार सम्बन्धी परियोजनाहरूको पहिचान, विश्लेषण, सम्भाव्यता अध्ययन एवं लागत अनुमान गरी परियोजना विकास गर्न क्षेत्रगत Special Purpose Vehicle (SPV) कम्पनीको स्थापना गर्न सक्नेछ ।**<br>**संस्थाले यसरी स्थापना गरेको SPV मार्फत संचालन हुने परियोजनाहरुमा संस्थाको लगानी रहेसम्म कर्जा प्रवाह गर्न पाइने छैन ।** |
| २३. | इ.प्रा. निर्देशन नं ८ को बुँदा न ५ (ङ) मा संशोधन । | (ङ) जग्गा, भवन वा दुवै खरिद तथा भवन निर्माण गर्दा आफ्नो प्राथमिक पुँजीको १० प्रतिशतको सीमाभित्र रही गर्नुपर्नेछ । | **(ङ) पूर्वाधार विकास बैंकले आवश्यक नीति तर्जुमा गरी प्राथमिक पुँजीको १० प्रतिशतको सीमाभित्र रही जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गर्नुपर्नेछ ।** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| २४. | इ.प्रा. निर्देशन नं. ११ को बुँदा नं. ७ मा संशोधन । | सबैभन्दा बढी कर्जा सापट तथा सुविधाको अंश लगानी गर्न इच्छुक, ग्राहकसँग लामो अवधिदेखि परिचित, सह-वित्तीयकरणमा अनुभव प्राप्त तथा व्यावसायिक सल्लाह दिने सक्षमता आदिको आधारमा सह-वित्तीयकरण समुहका सदस्यले आफूमध्येबाट कुनै एक इजाजतपत्रप्राप्त संस्थालाई अगुवा संस्थाको रुपमा चयन गर्नु पर्नेछ । | सबैभन्दा बढी कर्जा सापट तथा सुविधाको अंश लगानी गर्न इच्छुक, ग्राहकसँग लामो अवधिदेखि परिचित, सह-वित्तीयकरणमा अनुभव प्राप्त तथा व्यावसायिक सल्लाह दिने सक्षमता आदिको आधारमा सह-वित्तीयकरण समुहका सदस्यले आफूमध्येबाट कुनै एक इजाजतपत्रप्राप्त संस्थालाई अगुवा संस्थाको रुपमा चयन गर्नु पर्नेछ । **साथै, आवश्यक भएमा सहवित्तीयकरण सम्झौतामा काम, कर्तव्य उल्लेख गरी सह अगुवा (Co-lead) संस्थाको व्यवस्था गर्न सकिने छ ।** |
| २५. | निर्देशन नं. १२/०७८ को पहिलो अनुच्छेदमा संशोधन । | कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सुचना व्यवस्था र यथासमयमा कर्जा नतिर्ने ऋणीहरुको कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सुचना प्राप्त हुने व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को प्रयोजनको लागि सोही ऐनको दफा ७९ र नेपाल राष्ट्र बैंक कर्जा सुचना विनियमावली, २०५९ को विनियम ७ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ । | **पूर्वाधार विकास बैंकको कर्जा विश्लेषणलाई प्रभावकारी बनाउन कर्जासम्बन्धी सूचनाको व्यवस्था र बैंकिङ प्रयोजनका लागि कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को प्रयोजनको लागि सोही ऐनको दफा ७९ र नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ को विनियम ७ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।** |
| २६. | निर्देशन नं. १२/०७८ को बुँदा नं. २ को उपबुँदा ३ को व्यवस्था निर्देशन नं. १७/०७८ को अनुसूची १७.१ को (ड) मा स्थानान्तरण गरी क्रमसंख्या मिलान । | ३ ग्राहकको विवरण लिनु पर्ने :<br>इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकमा कुनै फर्म, कम्पनी वा संगठित संस्थावाट कर्जा/सुविधाको लागि आवेदन परेमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-<br>(क) जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपि, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण ।<br>(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा उल्लेख भए अनुरुपको प्रोप्राइटर/ साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्न अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपि र सोसम्बन्धी निर्णय ।<br>(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका १० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका १० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनीहरुको खण्ड | **ढ)** ग्राहकको विवरण लिनु पर्ने :<br>इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकमा कुनै फर्म, कम्पनी वा संगठित संस्थाबाट कर्जा/सुविधाको लागि आवेदन परेमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-<br>(क) जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपि, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण ।<br>(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा उल्लेख भए अनुरुपको प्रोप्राइटर/ साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्न अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपि र सोसम्बन्धी निर्णय ।<br>(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका १० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका १० प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनीहरुको खण्ड (क) |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | (क) मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र रु. १० लाखभन्दा माथिको हकमा इजाजतपत्र । | मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सोसम्बन्धी निर्णय ।<br>(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र रु. १० लाखभन्दा माथिको हकमा इजाजतपत्र । |
| २७. | निर्देशन नं १२/०७८ को बुँदा नं ३ को उप बुँदा १ को व्यवस्थामा संशोधन । | कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सुचना लिनु पर्नेछ । यसरी कर्जा सुचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सुचना दिनु पर्नेछ । | कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सुचना लिनु पर्नेछ । |
| २८. | निर्देशन नं १२/०७८ को बुँदा नं ३ को उप बुँदा ४ थप । | हाल नभएको । | **पूर्वाधार विकास बैंकले कुनै पनि खाता खोल्नुपूर्व कर्जा सूचना केन्द्रको विवरण अनुसार निक्षेपकर्ता कालोसूचीमा नरहेको यकीन गरेर मात्र खाता खोल्नु पर्नेछ । यस वापत संस्थाले ग्राहकसँग कुनै शुल्क लिन पाउने छैन ।** |
| २९. | निर्देशन नं १२/०७८ को बुँदा नं ७ को उप बुँदा ७ हटाउने । | (७) संस्थाले कर्जा सूचना केन्द्र लिमिटेडबाट कालोसूचीमा रहे/नरहेको सुचना लिई धितो मूल्याङ्कनकर्ताको सूची कायम गर्नु पर्नेछ । | **हटाउने** |
| ३०. | इ.प्रा. निर्देशन नं. १२ को बुँदा नं. ८ को व्यवस्थालाई इ.प्रा. निर्देशन नं.१९ को बुँदा नं. १३ मा थप गरी क्रम संख्या मिलान । | **लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था**<br>ऋणीको व्यवसाय तथा परियोजनाको लेखापरीक्षण गर्ने लेखापरिक्षकले वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु प्रमाणित गर्ने क्रममा झुठा वित्तीय विवरण प्रमाणित गर्ने लेखापरिक्षकलाई कानुन बमोजिम कारवाही गर्न पूर्वाधार विकास बैंकहरुले नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई सिफारिश गर्नुपर्नेछ । | **१९) लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था**<br>ऋणीको व्यवसाय तथा परियोजनाको लेखापरीक्षण गर्ने लेखापरिक्षकले वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु प्रमाणित गर्ने क्रममा झुठा वित्तीय विवरण प्रमाणित गर्ने लेखापरिक्षकलाई कानुन बमोजिम कारवाही गर्न पूर्वाधार विकास बैंकहरुले नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई सिफारिश गर्नुपर्नेछ । |
| ३१. | निर्देशन नं. १२/०७८ को बुँदा नं.१० को उपबुँदा १(ज) थप । | **हाल नभएको** | **(ज) गैरकोषमा आधारित सुविधाबाट सिर्जना भएको कर्जा (Forced Loan) को हकमा कर्जा शीर्षकमा लेखांकन भएको ९० दिन नाघेमा ।** |
| ३२. | निर्देशन नं. १२/०७८ को बुँदा नं.१० को उपबुँदा ५(१) को व्यवस्थामा संशोधन । | १.भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमावा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालोसूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरेमा, | १.भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमा वा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालोसूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरेमा **वा सम्बन्धित व्यक्ति वा संस्थालाई भुक्तानी दिने गरी रकम earmark गरी राखेमा ।** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| ३३. | इ.प्रा. निर्देशन नं. १३ को बुँदा नं. १ को उपबुँदा ४ मा संशोधन । | अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ। एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ। | अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी **सोही आर्थिक बर्षको कुल अनिवार्य मौज्दात गणना हुने अवधि (दुइहप्ताको एक अवधि)** ले भाग गरिने छ। एउटै अवधि ( दुईहप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ। |
| ३४. | इ.प्रा. निर्देशन नं. १५ को बुँदा (३) को उपबुँदा २ को पहिलो अनुच्छेदमा संशोधन। | कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ। पेनाल ब्याज गणना गर्दा म्याद नाघेको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकम भन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन। | कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ। पेनाल ब्याज गणना गर्दा म्याद नाघेको **किस्ताको** साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकम भन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन। |
| ३५. | निर्देशन नं. १७ को बुँदा नं.२ को उप बुँदा ३ हटाई क्रम संख्या मिलान। | संस्थाले नियमावलीको नियम ३ बमोजिम व्यवसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोवार भएमा निज ग्राहकको<br>पहिचान हुन सक्ने विवरण र कागजात लिनु पर्नेछ। | **हटाउने** |
| ३६. | निर्देशन नं. १७ को बुँदा नं.२ को उप बुँदा ५ हटाई क्रम संख्या मिलान। | ग्राहक बाहेक अन्य कुनै व्यक्तिले ग्राहकको खातामा नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने विवरण तथा कागजात लिनुका साथै नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ। | **हटाउने** |
| ३७. | निर्देशन नं. १७ को बुँदा नं.२ को उप बुँदा ५ मा थप गरी क्रम संख्या मिलान। | हाल नरहेको | **(५) नेपाल राष्ट्र बैंक वा अन्य निकायहरुले खाता रोक्का/फुकुवा गरेका व्यक्तिहरुको अद्यावधिक सूची तयार गरी यस्तो सूचीलाई ग्राहक पहिचान पद्दतिको आधारको रुपमा लिनु पर्नेछ .** |
| ३८. | निर्देशन नं.१७ को बुँदा नं.७ हटाउने। | ७. **<u>सरलीकृत ग्राहक पहिचान सम्बन्धमा :</u>**<br>संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन्। यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड/प्रक्रियाहरु अपनाउनु पर्नेछ। | **हटाउने** |

| | | | |
|---|---|---|---|
| | | (१) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतीको विकास गर्नु पर्नेछ ।<br>(२) सरलीकृत ग्राहक पहिचान पद्धती अपनाइएका ग्राहकहरुको विवरण राख्नु पर्नेछ ।<br>(३) सरलीकृत ग्राहक पहिचान पद्धती अपनाई खोलिने खाताहरुको लागि छुट्टै फारामको विकास गर्नु पर्नेछ ।<br>(४) नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भए बमोजिम खोलिने खाताहरुको सम्बन्धमा यस बैंकको पुर्व स्वीकृति लिनु पर्नेछ । तर, ३ महिना वा सो भन्दा कम अवधिको उत्पादन वा सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमका लागि खाता खोल्नु परेमा यस बैंकको पूर्व स्वीकृति आवश्यक पर्ने छैन ।<br>(५) सरलीकृत वर्गीकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोवार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फारम र विवरण मात्र प्रयोग गर्नुपर्नेछ । | |
| ३९. | निर्देशन नं. १७ को बुँदा नं.८ को उप बुँदा १ मा संशोधन । | संस्थाले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा भएको पहिचान तथा सम्पुष्टि गरी ऐन, नियमावली तथा यस निर्देशन बमाजिम अद्यावधिक गरिसक्नु पर्नेछ । | संस्थाले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा **विद्युतीय माध्यमबाट विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमकारी निकायले माग गरेको बखत तोकिय बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नु पर्नेछ ।** |
| ४०. | निर्देशन नं. १७ को बुँदा नं.८ को उप बुँदा ५ मा संशोधन । | ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ । | **ग्राहक पहिचान गर्दा वा** ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ । |
| ४१. | निर्देशन नं. १७ को बुँदा नं.८ को उप बुँदा ७, ८, ९ थप । | हाल नरहेको | **(७) कुनै व्यक्ति वा संस्थाको प्रथमपटक खाता खोल्दा माग गरिएका सम्पूर्ण विवरणहरु सहित संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण प्रत्येक पटक ग्राहक पहिचान गर्दा सम्बन्धित ग्राहकको जोखिमको आधारमा मात्र माग गर्ने गरी ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्नेछ ।**<br>**(८) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा संस्थाले अनिवार्य रुपमा जोखिममा आधारित ग्राहक पहिचान प्रकृया अवलम्बन गर्नु पर्नेछ । सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न, अद्यावधिक गर्न र थप जानकारी माग गर्न एउटै विधि तथा प्रकृया अवलम्बन** |

| | | | |
|---|---|---|---|
| | | | **नगरी सम्बन्धित ग्राहक, कारोवार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नुपर्नेछ ।**<br>**(९) ग्राहक तथा वास्तविक धनीको पहिचान एवं अद्यावधिक गर्ने कार्यलाई संस्थाले आफ्नो नीति तथा कार्यक्रमको मुख्य कार्ययोजनामा समावेश गरी सोको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था गर्नुपर्नेछ ।** |
| ४२. | निर्देशन नं. १७ को बुँदा नं.९ को (१) मा संशोधन । | **जोखिम व्यवस्थापन सम्बन्धमा :**<br>(१) संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ । | **जोखिम व्यवस्थापन सम्बन्धमा :**<br>**(१) संस्थाले ऐनको दफा ७घ. बमोजिम AML/CFT सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र सम्बन्धित सुपरिवेक्षण विभाग तथा वित्तीय जानकारी इकाई *(fiupolicy@nrb.org.np)* मा पेश गर्नुपर्नेछ ।**<br>**यसरी जोखिम मूल्याङ्कन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिई संस्थाले ग्राहक (*Customer*), सेवा (*Product*), भौगोलिक क्षेत्र (*Geographic Location*) तथा सेवा प्रवाह गर्ने माध्यम (*Delivery Channel*) लगायत AML/CFT सम्बन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी सोको मूल्याङ्कन गर्नु पर्नेछः-** |
| ४३. | निर्देशन नं. १७ को बुँदा नं.९ को (२) मा संशोधन । | (२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन्। | (२) जोखिम व्यवस्थापन सम्बन्धमा उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, **मध्यम** तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् । |
| ४४. | निर्देशन नं. १७ को बुँदा नं.९ को (३) मा थप । | **हाल नभएको** | **(३) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमास भित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ । साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।** |
| ४५. | निर्देशन नं. १७ को बुँदा नं.९ को (४) मा | **हाल नभएको** | **(४) AML/CFTसम्बन्धी त्रैमासिक विवरण (अनुसूची १७.२) मा तोकिएको ढाँचामा त्रैमास समाप्त भएको मितिले १५ दिनभित्र** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | थप । | | सम्बन्धित सुपरिवेक्षण विभाग तथा वित्तीय जानकारी इकाई *(fiupolicy@nrb.org.np)*मा पेश गर्नु पर्नेछ । |
| ४६. | निर्देशन नं. १७ को बुँदा नं.९ को (५) मा थप । | **हाल नभएको** | **(५)आन्तरिक तथा बाह्य लेखापरीक्षकले AML/CFTप्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोवारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।** |
| ४७. | निर्देशन नं. १७ को बुँदा नं.९ को (६) मा थप । | **हाल नभएको** | **(६) संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपर्युक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्ने व्यवस्था निश्चित गर्ने ।** |
| ४८. | निर्देशन नं. १७ को बुँदा नं.११ को (३), (४), (५), (६) र (७) थप । | **हाल नभएको** | **(३) इजाजतपत्रप्राप्त संस्थाको सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध जोखिमरहित बनाई कारोबार सुचारु गर्न करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्धी अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरु समेत पूरा गर्नुपर्नेछ ।**<br>**(४) वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्दा ऐनको दफा ७ठ.(१) बमोजिमका विवरण तथा जानकारी लिनुपर्नेछ । वित्तीय जानकारी इकाई वा अनुसन्धानकारी निकायले माग गरेमा उपलब्ध गराउन सक्ने गरी अभिलेखीकरण गर्नुपर्नेछ ।**<br><br>**(५) सो कारोबारमा उत्पत्तिकर्ताको खाता प्रयोग भएमा ऐनको दफा ७ठ.(१)(ख) बमोजिम सो खाताको खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै स्रोत नम्बर को जानकारी राख्नुपर्नेछ ।**<br><br>**(६) ऐनको दफा ७ठ.(५) बमोजिम ग्राहकको पचहत्तर हजार रुपैयाँ भन्दा बढी मूल्यको वायर स्थानान्तरण गर्दा उत्पत्तिकर्ताको ठेगाना वा सो नभएको अवस्थामा निजको जन्ममिति र जन्मस्थान वा नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर वा ग्राहक पहिचान नम्बर को** |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | | **जानकारी राख्नुपर्नेछ ।**<br>**(७) वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्दा ऐनको ७ठ.(१)(घ) बमोजिम हिताधिकारीको नाम तथा खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै स्रोत नम्बरको जानकारी राख्नुपर्नेछ ।** |
| ४९. | निर्देशन नं. १७ को बुँदा नं.१४ को उप बुँदा १(क), (ख), (ग) मा संशोधन । | पूर्वाधार विकास बैंकले कुनै संस्थाले ऐनको दफा १०क. बमोजिम देहायका सीमा भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र अनुसूची १७.२ मा तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारका लागि छुट्टाछुट्टै TTR (Threshhold Transaction Reporting) पेश गर्नु पर्नेछ : | पूर्वाधार विकास बैंकले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १० क. बमोजिम देहायका सीमा (Threshold) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र **goAML Software** मार्फत वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारका लागि छुट्टा छुट्टै TTR (Threshhold Transaction Reporting) पेश गर्नु पर्नेछ । |
| ५०. | निर्देशनन.१७ को बुँदा नं.१४ को उप बुँदा १ नोटमा संशोधन । | (नोटः-पूर्वाधार विकास बैंकले सीमा कारोबारलाई तीन प्रकार - TTR-Cash, TTR-Cross Border and TTR-FCY Exchange) मा वर्गीकरण गरी सीमा कारोबार प्रतिवेदन पेश गर्नुपर्नेछ । यस सम्बन्धमा थप स्पष्ट TTR Guidelines मा उल्लेख भएअनुसार हुनेछ ।) | (नोटः-पूर्वाधार विकास बैंकले सीमा कारोबारलाई तीन प्रकार -TTR-Cash, TTR-Cross Border and TTR-FCY Exchange) मा वर्गीकरण गरी पेश गर्नुपर्नेछ । **वर्गीकरण** सम्बन्धमा **वित्तीय जानकारी इकाईले जारी गरेको TTR Guidelines बमोजिम गर्नुपर्नेछ ।** |
| ५१. | निर्देशन नं. १७ को बुँदा नं.१४ को उप बुँदा ३(घ) मा संशोधन । | (घ) पब्लिक लिमिटेड कम्पनीले अन्य पब्लिक कम्पनी, सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानुन बमोजिम स्थापित निकायसँग गरेको कारोबार | (घ) सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानुन बमोजिम स्थापित निकायसँग गरेको कारोबार |
| ५२. | निर्देशन नं. १७ को बुँदा नं.१४ को उप बुँदा ३ (ञ)र (ट) मा थप । | **हाल नभएको** | **(ञ) संस्थाको आफ्नै आन्तरिक खाताहरु जस्तै :- Settlement Accounts, Nostro/Vostro Account आदिमा भएको कारोवार ।**<br>**(ट) प्रतितपत्र (Letter या Credit-LC) खोल्दा वा सोसँग सम्बन्धित भुक्तानी गर्दा हुने कारोबारहरु ।** |
| ५३. | निर्देशन नं. १७ को बुँदा नं.१५ को उप | ऐनको दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन यसै निर्देशनको अनुसूची | ऐनको दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा **प्रारम्भिक विश्लेषण गरी** शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन **(STR/SAR)** |

| | | | |
|---|---|---|---|
| | बुँदा २ मा संशोधन । | १७.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डहरुलाई आधार मान्नु पर्नेछ । | goAML System मार्फत ३ दिनभित्र **यथासक्य चाँडो** वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको **'STR/SAR Guidelines', 'goAML Operational Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई** आधार मान्नु पर्नेछ । |
| ५४. | निर्देशन नं. १७ को बुँदा नं.१५ को उप बुँदा ३ मा संशोधन । | अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन । तर, त्यस्ता व्यक्ति वा संस्था तथा सो को कारोबार सम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नु पर्नेछ । | अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको **विषय शंकास्पद कारोबारको विषय समेत भएको देखिएमा त्यस्तो ग्राहकको शंकास्पद कारोबार/गतिविधी प्रतिवेदन (Suspicious Transaction/ Activity Report) वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नुपर्नेछ । त्यस्तो** शंकास्पद कारोबार प्रतिवेदनमा नयाँ तथ्य वा विषय जानकारीमा रहेको अवस्थामा बाहेक अतिरिक्त सूचनाको रुपमा अभिलेख राख्नुपर्नेछ । |
| ५५. | निर्देशन नं. १७ को बुँदा नं.१५ को उप बुँदा ४ मा संशोधन । | शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबारलाई पूर्वाधार विकास बैंकले प्रारम्भिक विश्लेषण गरीSTR-PEP, STR-High, STR-Medium and STR-Low मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ । | शंकास्पद कारोवार/**गतिविधि**को पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । |
| ५६. | निर्देशन नं. १७ को बुँदा नं.१५ को उप बुँदा ५ मा संशोधन । | पूर्वाधार विकास बैंकले ग्राहकद्धारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै त्यस्तो शंकास्पद गतिविधिसम्बन्धी प्रतिवेदन (Suspicious Activity Report-SAR)यसैनिर्देशनको अनुसूची १७.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नु पर्नेछ । | पूर्वाधार विकास बैंकले ग्राहकको शंकास्पद कारोबार, शंकास्पद कारोबार गर्ने प्रयास, निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । शंकास्पद कारोबार गर्ने प्रयास र शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन (Suspicious Activity Report-SAR) **goAML System मार्फत ३ दिनभित्र यथासक्य चाँडो** वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । |
| ५७. | निर्देशन नं. १७ को बुँदा नं.१७ को उप बुँदा २ मा संशोधन । | आन्तरिक नियन्त्रण सम्बन्धमा :<br>(२) ऐनको दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण | (२) ऐनको दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई तथा सम्बन्धित सुपरिवेक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ । साथै, |

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।**

| | | | |
|---|---|---|---|
| | | वित्तीय जानकारी इकाई तथा सम्बन्धित सुपरिवेक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ । | कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ । **यस्तो विवरण वित्तीय जानकारी इकाईमा पठाउँदा वा अद्यावधिक गर्दा goAML System मार्फत गर्नुपर्नेछ ।** |
| ५८. | निर्देशन नं. १७ को बुँदा नं.१७ को उपबुँदा ९ मा संशोधन । | (९) पूर्वाधार विकास बैंकको नीति र कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रावधान राख्नु पर्नेछ । साथै, संस्थाले आतङ्कवादी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको बिकास गर्नु पर्नेछ । | **(९) पूर्वाधार विकास बैंकले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्नेछ । साथै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६ख. मा उल्लेखित व्यवस्था पालना हुने गरी आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्यप्रणाली अवलम्बन गर्नु पर्नेछ ।** |
| ५९. | निर्देशन नं. १७ को बुँदा नं.१७ को उप बुँदा १० मा थप । | हाल नरहेको | **१०. इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंकको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरण सम्बन्धमा सदाचार नीति (Code of Conduct)तर्जुमा गरी लागू गर्नु पर्नेछ ।** |
| ६०. | निर्देशन नं. १७को बुँदा नं.१९ को उप बुँदा २ को तालिकामा संशोधन । | २, ५, ६, ११, १३ र १६ | ....... **वा प्रभावकारी नभएमा** |
| ६१. | इ.प्रा. निर्देशन नं. १७ को बुँदा नं. १९ उपबुँदा (१३) मा संशोधन । | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा **वित्तीय जानकारी ईकाइमा** पेश नगरेमा |
| ६२. | निर्देशन नं. १७को अनुसूची-१७.२ हटाउने । | TTR Format | हटाउने |
| ६३. | निर्देशन नं. १७ को अनुसूची-१७.३ मा संशोधन । | STR Format | हटाउने |
| ६४. | निर्देशन नं. १७ मा अनुसूची-१७.२ थप । | हाल नभएको | **अनुसूची १७.२ (संलग्न तालिका बमोजिम)** |

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| ६५. | इ.प्रा. निर्देशन नं १८ को बुँदा नं ७ मा थप गरी क्रमसंख्या मिलान । | **हाल नभएको** | **(ग) पूर्वाधार विकास बैंकको काम कारवाही सम्बन्धी गुनासोको सुनुवाई सहज बनाउन बैंक तथा वित्तीय संस्थाले यस बैंकको गुनासो पोर्टल gunaso.nrb.org.np को लिङ्क आफ्नो वेबसाइटमा राख्नुपर्नेछ ।** |
| ६६. | इ.प्रा. निर्देशन नं १९ को ४ को क को ४ मा संशोधन । | (४) प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ ।<br>(क)२० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा ५ जनासम्म ।<br>(ख) ५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा ७ जनासम्म । | (४) प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ ।<br>(क)२० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा **३ जनासम्म ।**<br>(ख)५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा **५ जनासम्म ।** |
| ६७. | इ.प्रा. निर्देशन नं १९ को बुँदा नं ४ को उपबुँदा ५ मा संशोधन । | प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि २ वर्ष भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ । | प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि **३ वर्ष** भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ । |
| ६८. | इ.प्रा. निर्देशन नं १९ को बुँदा नं १० मा संशोधन । | **खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा :**<br>संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सुचना/निर्देशनलाई यस बैंकको वेभ साइट http://bfr.nrb.org.np/acstatus मा राखिने व्यवस्था रहेको छ । उक्त Website मा राखिने सुचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेवसाइटको उक्त ठेगानामा राखिने सुचना/निर्देशनलाई आधिकारिक मानी कार्यवाही गर्नुपर्नेछ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेवसाइटमा भएको सुचना अनुसारको कामकारवाही नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था नै जिम्मेवार रहने छन् । | **खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा :**<br>संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सुचना/निर्देशनलाई यस बैंकको वेबसाइट **http://acstatus.nrb.org.np** मा राखिने व्यवस्था रहेको छ । उक्त **वेबसाइटमा** मा राखिने सुचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेवसाइटको उक्त ठेगानामा राखिने सुचना/निर्देशनलाई आधिकारिक मानी **वेबसाइटमा राखिएकै दिन संलग्नपत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । खाता रोक्का गर्दा सम्बन्धित व्यक्ति /फर्म/ कम्पनीको सम्पूर्ण खाताहरु रोक्का गर्नुपर्नेछ । तर कुनै वा केही खातामात्र रोक्का गर्न तोकिएको हकमा सोही खातामात्र रोक्का गर्नुपर्ने छ ।** सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेवसाइटमा भएको सुचना |

| | | | |
|---|---|---|---|
| | | | अनुसारको कामकारवाही नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था नै जिम्मेवार रहने छन् । |

**नोटः पूर्वाधार विकास बैंकलाई जारी एकिकृत निर्देशन २०७८ को फा.नं. ३.१ मा उल्लेखित नोटलाई देहाय बमोजिम परिमार्जन हुन ।**

क्षेत्रगत कर्जा अन्तर्गतको क्र.सं. १४ को अन्य शिर्षकमा सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ मा पूर्वाधार संरचना भनी परिभाषित भएका तर माथीको फाराममा समावेश नभएका पूर्वाधारका संरचना लगायत विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा संचालन हुने उद्योगहरुको पूर्वाधार, पूर्वाधार निर्माण सामाग्री उत्पादन गर्ने उद्योगलगायत आयात प्रतिस्थापन गर्ने उद्योगको पूर्वाधार समेतलाई समावेश गर्न सकिनेछ ।

## विद्यमान व्यवस्था

**4.7.1: Analysis of loan and advances - By Product**

| | Group | | Bank | |
|---|---|---|---|---|
| | Current Year | Previous Year | Current Year | Previous Year |
| ***Product*** | | | | |
| Term loans | | | | |
| **Overdraft** | | | | |
| **Trust receipt/Import loans** | | | | |
| **Demand and other working capital loans** | | | | |
| Personal residential loans | | | | |
| Real estate loans | | | | |
| Margin lending loans | | | | |
| Hire purchase loans | | | | |
| Deprived sector loans | | | | |
| Bills purchased | | | | |
| Staff loans | | | | |
| Other | | | | |
| **Sub total** | | | | |

| | | | | |
|---|---|---|---|---|
| Interest receivable | | | | |
| **Grand total** | | | | |

संशोधित व्यवस्था

**4.7.1: Analysis of loan and advances - By Product**

| | Group | | Bank | |
|---|---|---|---|---|
| | Current Year | Previous Year | Current Year | Previous Year |
| ***Product*** | | | | |
| Long Term loans | | | | |
| **Personal** | | | | |
| **Business** | | | | |
| **Working Capital** | | | | |
| **Overdraft (Personal)** | | | | |
| **Trust receipt/Import loans** | | | | |
| **Cash Credit Loan** | | | | |
| **Short Term WC/Demand Loan** | | | | |
| Personal residential loans | | | | |
| Real estate loans | | | | |
| Margin lending loans | | | | |
| Hire purchase loans | | | | |
| **Auto Loan** | | | | |
| Deprived sector loans | | | | |
| Bills purchased | | | | |
| Staff loans | | | | |
| Other | | | | |
| **Sub total** | | | | |
| Interest receivable | | | | |
| **Grand total** | | | | |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ मा संशोधन/परिमार्जन सम्बन्धमा ।

अनुसूची-१७.२

## AML/CFTसम्बन्धी त्रैमासिक विवरण

संस्थाको नामः.........................................

त्रैमास : ..........   साल : ...........

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जम्मा ग्राहकको संख्या | | |
| २ | पहिचान अद्यावधिक हुन नसकेका ग्राहकको संख्या | | |
| ३ | पहिचान पूरा नभएका कारण सम्बन्धअन्त्य गरिएका ग्राहकको संख्या | | |
| ४ | उच्च जोखिममा परेका ग्राहकको संख्या | | |
| ५ | मध्यम जोखिममा परेका ग्राहकको संख्या | | |
| ६ | न्यून जोखिममा परेका ग्राहकको संख्या | | |
| ७ | बृहत् पहिचान गरिएकाग्राहकको संख्या | | |
| ८ | उच्चपदस्थ पदाधिकारीको संख्या | | |
| ९ | वास्तविक धनी पहिचान गरिएका ग्राहकको संख्या | | |
| १० | **goAML Reporting** | - | |
| (क) | सीमा कारोबार प्रतिवेदन(Threshold Transaction Report-TTR)को संख्या | | |
| (ख) | शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन(Suspicious Transaction/Activity Report-STR/SAR)को संख्या | | |
| ११ | **क्षमताअभिवृद्धि विवरण** | - | |
| (क) | पदाधिकारी | | |
| (ख) | कर्मचारी | | |
| १२ | सञ्चालक समितिमाAML-CFT सम्बन्धी छलफल भएको (पटकमा) | | |
| १३ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको बैठक (पटकमा) | | |

(कार्यान्वयन अधिकारी)

.............................

हस्ताक्षर

नामः

पदः

मितिः

फोनः

Email: